जगन्नाथ गाउंपालिकाको दोस्रो गाउंसभा १८ औ अधिवेशन

मिति २०८३ असार ९ गते

गाउँसभा अध्यक्ष श्री काली बहादुर शाहीले

प्रस्तुत गर्नु भएको

# आर्थिक बर्ष २०८३।८४ को
# बार्षिक नीति तथा कार्यक्रम

जगन्नाथ गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

जुड्डी,बाजुरा

## आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रम

**गाउँसभाका सदस्यहरु, पत्रकार, सुरक्षाकर्मी र कर्मचारीहरु**

- ❖ जगन्नाथ गाउँपालिकाको यस गरिमामय दोस्रो गाउँसभाको सभा अध्यक्षको हैसियतले विकासको लागि मार्ग दर्शकको रुपमा रहने स्थानिय सरकारको आर्थिक वर्ष २०८३।८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु ।

- ❖ सामाजिक न्याय, लोकतान्त्रिक मूल्य मान्यता तथा नागरिक अधिकारको स्थापना, संरक्षण र प्राप्तिका लागि विभिन्न समयमा भएका जनआन्दोलन तथा गत भदौ २३ र २४ गतेको नवयुवा-जेनजी आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञात-अज्ञात वीर शहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

- ❖ मुलुकमा भएको राजनैतिक परिवर्तन संस्थागत भई संविधान कार्यान्वयनको चरणमा रहेकाले स्थानिय सरकारलाई विकास र समृद्विको यात्रामा अघि बढ्न सहज हुँदै गएकोछ । देशको मानव विकास सुचकाँङ्क र विकासमा सबैभन्दा पछि परेको बाजुरा जिल्लाको जगन्नाथ गाउँपालिकामा आफ्नै चुनौति र समस्याका बाबजुद स्थानिय तह भित्र रहेका प्राकृतिक स्रोत कृषि,जडीबुटी र जलस्रोतको उपयोग गर्नका लागि हामी प्रतिबद्ध छौ ।

- ❖ उपलब्ध वित्तिय स्रोतको वितरण, आवश्यकता, समानुपातिक, समन्यायिकता एंव समावेशी ढंगले भौतिक पुर्वाधार निर्माण, आर्थिक समृद्धि र सुशासनको मार्गमा जगन्नाथ गाउँपालिका अघि बढिरहेको छ । जगन्नाथ गाउँपालिकालाई आत्मनिर्भर बनाउन कृषि, जलस्रोत र जडिबुटी व्यवसाय लगायतका क्षेत्रको विकास, बिस्तार र सुदृढीकरण गरिनेछ ।

- ❖ जगन्नाथ गाउँपालिकालाई पारदर्शी, उत्तरदायी, समावेशी, विधिसम्मत र आम जनताको पहुँच स्थापित गर्ने गरी संचालन गर्नेछौ । नेपालको संविधानमा भएका नागरिकका मौलिक हक शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक न्यायको हक अधिकारको प्रत्याभुत हुने गरी जगन्नाथ गाउँपालिकाको समग्र रुपमा यो नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

- ❖ भष्ट्राचार बिरुद्ध शुन्य सहनशीलता, सार्वजनिक सेवा प्रवाहमा सुधार र सामाजिक उन्नतिलाई अभियानका रुपमा अघि बढाइनेछ ।



काली बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

"कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन र पुर्वाधार
जगन्नाथ गाउँपालिका विकासको मूल आधार"

जगन्नाथ गाउँपालिकाको आर्थिक बर्ष २०८३।८४ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु।

१. गाउँपालिकाको उपलब्ध स्रोतलाई महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक, अल्पसङ्ख्यक, सिमान्तकृत समुदायको आर्थिक एवम् सामाजिक सशक्तीकरणमा केन्द्रित गर्नका लागि त्यस्ता समुदायलाई लाभ हुने कार्यक्रमको निमित्त बजेट विनियोजन गर्ने निति अवलम्बन गरिनेछ।

२. गाउँपालिकाबाट गरिने सार्वजनिक लगानीलाई वित्तीय अनुशासन, विनियोजन कुशलता र खर्चमा दक्षता अभिबृद्धि गरी नतिजामुखी बनाउन विद्यमान योजना प्रणाली सुधारमा विशेष जोड दिइनेछ।

३. नतिजामुखी सार्वजनिक लगानीको सुनिश्चिततताका लागि आर्थिक, सामाजिक, प्राविधिक र वातावरणीय दृष्टिले कार्यान्वयन योग्य आयोजना पहिचान, छनौट र प्राथमिकीकरण गर्न आयोजना बैंक पद्धतिको कार्यान्वयन मार्फत आयोजना छनौट प्रणालीलाई नियमवद्ध र तथ्यमा आधारित बनाई पूँजिगत लगानीमा विनियोजन दक्षता अभिवृद्धि गर्न र प्रतिफल सुनिश्चित गर्न जोड दिइनेछ।

४. लैङ्गिक तथा जलवायु मैत्री मध्यमकालीन खर्च संरचना मार्फत आवधिक योजना, रणनीतिक वा गुरुयोजनालाई वार्षिक बजेटसँग आवद्ध गरी उपलब्ध स्रोत साधनलाई योजनाले निर्धारण गरेका प्राथमिकता अनुरुप परिचालन गर्ने पद्धतिलाई संस्थागत गर्दै लगिनेछ।

५. गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोतबाट आर्जन गर्न सकिने राजस्वको सम्भावनाको अध्ययन गरी उपयोगमा ल्याउने र यी सम्पत्तिहरुलाई क्रमशः सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा आवद्ध गर्दै लगिनेछ।

६. गाउँपालिकाले निर्माण गरेका सडक, पुल, बसपार्क, पार्क, उद्यान, चौतारो, खानेपानी तथा सिंचाई संरचना, झोलुङ्गे पुल, सार्वजनिक भवन लगायतका सार्वजनिक सम्पत्तिहरुको पहिचान तथा नक्शांकन गरी सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अभिलेखीकरण गर्ने कार्यको थालनी गरिनेछ।



काली बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

७. गाउँपालिकाको स्वामित्वमा रहेका जग्गा, जमीन, भवन, सवारी साधन, फर्निचर, मेसिन औजार लगायतका सबै भौतिक सम्पत्तिलाई सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा अभिलेखीकरण गरी व्यवस्थित गर्ने तर्फ उन्मुख गरिनेछ । गाउँपालिका मातहत रहेका सामुदायीक विद्यालय तथा स्वास्थ्य संस्थाको स्वामित्व वा उपयोगमा रहेका भवन तथा जग्गालाई समेत नक्शांकन गरी यस प्रणालीमा आवद्ध गर्दै लगिनेछ ।

८. गाउँपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक स्थल, सार्वजनिक तथा सामुदायिक भवन, पोखरी, धारा, खोला तथा पानीका मुहान, कुलो, घाट, पाटी, पौवा, सडकका दायाँ बायाँका रुख तथा नदी वा सार्वजनिक स्थानमा रहेको स्लेट, ढुंगा, गिट्टी, बालुवा एवं माटोजन्य बस्तु एवम् सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, दहत्तर, बहत्तर र सार्वजनिक, ऐलानी, पर्ती जग्गा एवम् वन्यजन्तु तथा राष्ट्रिय वन बाहेक आफ्नो क्षेत्राधिकार भित्रको अन्य वन क्षेत्रको नक्शांकन गरी संरक्षण र उपयोगमा जोड दिने नीति लिइनेछ ।

९. जग्गाको मूल्याङ्कन प्रणाली वस्तुनिष्ठ एवम् तथ्यमा आधारित नभएको कारण गाउँपालिकाले लगाउँदै आएको भूमीकर (मालपोत) राजस्व संकलनमा न्यूनता आउनुका साथै करदातामैत्री समेत हुन नसकेको हुँदा आगामी वर्षदेखि जग्गाको न्यूनतम मूल्याङ्कनलाई आधार योग्य, विश्वसनीय र बजार मूल्यको निकटवर्ती बनाउन मूल्याङ्कनका वस्तुगत आधार र सूचकहरू पहिचान गरी सोही आधारमा जग्गाको न्यूनतम मूल्याङ्कन गर्ने विधि अवलम्बन गरिनेछ ।

१०. कृषि क्षेत्रमा सिंचाइ सुविधा बिस्तारका लागि संघ सरकार, प्रदेश सरकार र दातृ निकाय बजेट उपलब्धताका लागि समन्वय गरी सिंचाइ आयोजना निर्माण गरिनेछन् ।

११. व्यवसायीक रुपमा मैरीपालन गरिरहेका कृषकहरुलाई प्रोत्साहन गरिनुका साथै आवश्यक तालिम र औजार उपकरण उपलब्ध गराइनेछ ।

१२. कृषकहरुलाई नविनतम प्रबिधिबाट खेति गर्नका लागि कृषि औजारहरुमा २० प्रतिशत अनुदानका लागि लिवर्ड / रेरास (LI-BARD/RERAS) संगको समन्वयमा विद्युतिय मेसिनहरु उपलब्ध गराइनेछ ।

१३. स्थानीय तथा रैथाने बालीको उत्पादन र उपभोगका लागि समुदायमा सचेतना मूलक कार्यक्रम संचालन गर्नुका साथै विद्यालयहरुमा दिवा खाजा कार्यक्रमका लागि स्थानीय उत्पादनलाई प्राथमिकता दिइनेछ ।



काली बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

१४. गाउँपालिका भित्र किसानले उत्पादन गरेका कृषि उपजलाई गाउँको उत्पादन बजार सम्म पुर्याउन र बजारीकरणका लागि कृषि एम्बुलेन्स सेवा संञ्चालनमा ल्याइनेछ।

१५. जलवायु अनुकूलन कृषि खेती र प्रविधिमा जोड दिइनेछ। युवा, महिला र विदेशबाट फर्किएका व्यक्तिहरुलाई कृषिमा जोड्नका लागि कृषिमा अनुदानको व्यवस्था गरिनेछ।

१६. जगन्नाथ गाउँपालिकाको केन्द्र जुड्डीमा रहेको कोल्ड स्टोरलाई संञ्चालनमा ल्याएर किसानको उत्पादनलाई भण्डारण र बजारीकरणका लागि सरोकारवाला निकाय संग समन्वय गरिनेछ।

१७. गाउपालिका भित्र विभिन्न जातका मौसमी तथा बेमौसमी फलफूल तथा तरकारीका बेर्ना उत्पादनका लागि हाइटेक नर्सरी स्थापना गर्नुका साथै तरकारी र फलफूल (आप, कागती, सुन्तला, किवि, ओखर, स्याउ र केरा) जातका बिरुवा वितरणको कामलाई उच्च प्राथमिकता दिई व्यवसायिक खेति गर्ने किसानलाई प्रोत्साहन गरिनेछ।

१८. कृषि उपजको मूल्य अभिवृद्धि, नबिकरणीय उर्जाको प्रयोग गरी ग्रेडिंग, भण्डारण, प्याकेजिंग, प्रोसेसिंग (अचार, चाना, गुन्द्रुक, जुश आदि) कार्यक्रमलाई अघि बढाउने र स्थानीय स्तरमै रोजगारीको अवसर सिर्जना गरिनेछ।

१९. **"एक घर एक करेशा बारी"** कार्यक्रमलाई निरन्तरता, व्यवसायीक तरकारी खेती र फलफुल खेतिमा सिंचाइ प्रणाली विकास गर्न कृषि औजार, पाइप, सिंचाइ ट्याकी, बगैचा घेरबार र साना सिचाइ योजनालाई प्राथमिकता दिइनेछ।

२०. गाउँपालिका भित्र उपयोगमा नआएको सरकारी, बाँझो जमिनमा व्यवसायीक फलफूल खेती, मसला बाली र जडीबुटी खेतिका लागि समुह तथा सहकारीलाई प्रोत्साहन गरिनेछ।

२१. भौगोलिक रुपमा माटो सुहाँउदो एक वडा एक उत्पादन कार्यक्रमलाई कार्यान्वयनमा ल्याई पकेट क्षेत्रको रुपमा विकास गरिनेछ।

२२. खाद्यान्न र तरकारी बालीको उत्पादन बृद्धि गर्न, उन्नत बिउ, मल र सिचाइमा जोड दिई कृषि उत्पादकत्व बढाई खाद्य सुरक्षाको प्रत्याभुति गर्नुका साथै रैथाने बालीको जगेर्ना, बिउ उत्पादन तथा संरक्षण र कृषिजन्य उत्पादनलाई बजारीकरणका लागि सहजिकरण र समन्वय गरिनेछ।

२३. जगन्नाथ गाउँपालिकाको सबै वडाहरुमा माटो परिक्षणका लागि प्रदेश तथा संघिय सरकारको समन्वयमा सिफारिस गरिएका कृषि वाली तथा फलफुल खेतीलाई बिस्तार गरिनेछ।



काली बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

२४. स्थानीय कृषि जन्य उत्पादनको मुल्य निर्धारण गर्नुका साथै उत्पादनमुखी सहकारी र सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरु संग साझेदारीका कार्यक्रम सञ्चालन गरिनेछ ।

२५. गाउँपालिका भित्र पशु स्वास्थ्य शिविर, खोप सञ्चालन र औषधी उपकरण सहज रुपमा उपलब्ध गराइनेछ ।

२६. गोठ, खोर, भकाँरो सुधार कार्यक्रम र मलखाद व्यवस्थापनलाई अभियानका रुपमा संचालन गरि कम्पोष्ट मल उत्पादनमा जोड दिइनेछ ।

२७. अति विपन्न घरधुरीलाई उन्नत जातका रागा, बोका र थुमा वितरण गर्नुका साथै व्यवसायीक रुपले पशुपालन गरिरहेका कृषकलाई बिमा गर्नका लागि कृषकहरुलाई सम्बन्धित निकाय संग समन्वय गरिनेछ ।

२८. व्यवसायीक रुपमा कुखुरापालन गरि रहेका किसानहरुका लागि खोर निर्माण र स्वच्छ मासुपशल स्थापनाका लागि औजार उपकरण वितरण गरिनेछ ।

२९. व्यवसायीक रुपले कृषि तथा पशुपालन गरिरहेका उत्कृष्ठ कृषकहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

३०. बालविकास आधारभुत विद्यालय र महाँदेव आधारभुत विद्यालयलाई शैक्षिक शत्र २०८३ बाट मा. वि. तहको पठनपाठन र अंग्रेजी, गणित र बिज्ञान बिषयको शिक्षण अनुदानको व्यवस्था गर्नुका साथै शम्भुनाथ आधारभुत विद्यालय र सरस्वती आधारभुत विद्यालयलाई कक्षा ६ र ७ संचालनको अनुमति र शिक्षण अनुदान दिइनेछ ।

३१. गाँउपालिका भित्रका स्थायी बासिन्दाका वालवालिकाले सामुदायीक विद्यालयबाट SEE गरेका दलित, बिपन्न र असहाय वालवालिकाहरुलाई MBBS अध्ययनका लागि विपन्न जेहेन्दार छात्रबृत्तिका लागि रकम विनियोजन गरिनेछ ।

३२. गाउँपालिका स्तरीय बार्षिक परिक्षालाई व्यवस्थित गर्नुका साथै सामुदायीक विद्यालयबाट कक्षा ५, ८ र SEE मा उत्कृष्ठ नतिजा ल्याउने वालवालिकालाई सम्मान सहित पुरस्कृत गरिनेछ ।

३३. शैक्षिक २०८३ बाट कैलास मा. वि. महती र भवानी आधारभुत विद्यालयमा अंग्रेजी माध्यमबाट पठनपाठन शुरु गरिसकेको हुनाले यसलाई आगामी शैक्षिक शत्रबाट अन्य सामुदायीक विद्यालयहरुमा बिस्तार गर्दै लगिनेछ । सामुदायिक अध्ययन केन्द्रहरुलाई सामुदायीक पुस्तकालय र सुचना केन्द्रको रुपमा बिस्तार गरिनेछ ।



कालो बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

३४. जगन्नाथ गाउँपालिकाको दश बर्षे गाउँशिक्षा योजना निर्माण गरि सामुदायिक विद्यालयहरुमा गाउँ शिक्षा योजना लागु गर्नुका साथै कक्षा १-८ को पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण पठनपाठन संचालन गरिनेछ।

३५. सामुदायिक विद्यालयलाई प्रविधीमैत्री बनाउन सबै विद्यालयमा ल्यापटप, प्रिन्ट्रर र इन्टरनेटको व्यवस्था गर्नुका साथै विद्युतको पहुँच नभएका विद्यालयमा सोलारको जडान गरिनेछ।

३६. लेखा प्रणालीलाई चुस्तदुरुस्त राख्नका लागि विद्यालयका लेखापाल र प्रधानाध्यापकलाई दोहोरो लेखा प्रणाली, जिन्सि तालिम, शैक्षिक तथ्याँक व्यवस्थापन सम्बन्धि तालिम, मासिक रुपमा प्र.अ.बैठक, अनुगमन र मुल्याँङ्कनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

३७. वालवालिकाको सिकाई उपलब्धिलाई बढाउनका लागि नेपाल सरकारले तोकेको मापडण्ड अनुसारको स्रोतसाधनको व्यवस्था गरी वालविकास केन्द्रका सहजकर्ताहरुका लागि मन्टेश्वरी तालिमको व्यवस्था गरिनेछ।

३८. खेल क्षेत्रको विकासका लागि विद्यालय स्तरीय, स्रोत विद्यालय स्तरिय, गाउँपालिका स्तरिय अतिरिक्त क्रियाकलाप र रास्ट्रपति रनिङ शिल्ड संचालन गर्नुका साथै गाउँपालिकाबाट जिल्ला र प्रदेश स्तरीय राष्ट्रपनि रनिङ्ग शिल्डमा प्रथम, द्धितिय र तृतिय स्थान प्राप्त गर्ने खेलाडीहरुलाई पुरस्कार सहित सम्मान गरिनेछ।

३९. वालवालिकाको सर्वाङ्गिण विकासका लागि सामुदायीक विद्यालयका खेल शिक्षकहरुलाई खेलकुद सम्बन्धि तालिमको आयोजना गरिनेछ।

४०. बिद्यार्थी संख्याको आधारमा गाउँपालिका शिक्षक पदपुर्ति गर्नुका साथै नजिक दुरी भएका र विद्यार्थी संख्या कम भएका विद्यालयहरुलाई समायोजनको नीति अवलम्बन गरिनेछ।

४१. विद्यालयका प्रधानाध्यापक संग करार सम्झौता गर्नुका साथै तहगत र बिषयगत शिक्षकको आवश्यकता र विद्यार्थी संख्याको अनुपातको आधारमा दरबन्दी मिलान तथा पदस्थापना गरिनेछ।

४२. विभिन्न संघसंस्था संग साझेदारी गरि शैक्षिक गुणस्तर अभिबृद्धिका लागि शिक्षकहरुको क्षमता अभिवृद्दि गर्न परिमार्जित पाठ्यक्रम अनुसार समयाअनुकुल बिषयगत र तहगत रुपमा शिक्षक तालिमको व्यवस्था गरिनेछ।



काली बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

४३. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तरगत बालबालिकाको पोषण सुधारका लागि दिवा खाजा कार्यक्रमलाई प्रभावकारि रुपमा कार्यान्वयनका गर्नका लागी एक विद्यालय एक भान्साकोठा निर्माण कार्यक्रम, भाडाकुदा खरिद र विद्युतिय चुलो आपुर्तिका लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

४४. विद्यालयमा दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिनका लागि विश्व खाद्य कार्यक्रम (WFP) संगको साझेदारीमा जनशक्ति व्यवस्थापन र अन्य क्रियाकलापमा संचालनका लागि साझेदारीका रकम विनियोजन गरिनेछ।

४५. विद्यालयमा विद्यार्थिको बसाई व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यकताका आधारमा कार्पेट, पि. फर्म वितरण गरिनुका साथै कक्षा ८ देखि १२ संचालित विद्यालयमा फर्निचर, खानेपानी, शौचालय निर्माण गरिनुका साथै आइसिटि ल्याव (ICT lab), पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि बजेट विनियोजन गरिनेछ।

४६. विद्यार्थीहरुको सिकाई उपलब्धी वृद्धि गर्न कक्षा ५, ८ र १० मा अध्यनरत विद्यार्थिहरुलाई गणित, विज्ञान र अंग्रजी विषयहरु अध्यापन गर्नका लागि रिमेडियल कक्षा संञ्चालन गरिनेछ।

४७. संस्कृत शिक्षाको प्रवर्धन गर्न बैद्धिक सनातन गुरुकुल विद्यापिठलाई दिइने अनुदानका कार्यक्रमहरुलाई निरन्तरता दिनुका साथै थप अनुदानका लागि विभिन्न निकायहरु संग समन्वय गरिनेछ।

४८. शिक्षकको कार्य सम्पादन मुल्याङ्कन र कार्यक्षमताका आधारमा शिक्षकलाई पुरस्कार र दण्डको व्यवस्था गरिनेछ।

४९. जुड्डी आधारभुत अस्पतालमा नेपाल सरकारले स्वीकृत गरेको अस्थायी दरबन्दी अनुसार कर्मचारी भर्ना गरेर सेवा संचालन गर्नुका साथै औषधी उपकरण खरिदका लागि बजेट विनियोजन गरिनेछ।

५०. गाउँपालिका भित्रका बिपन्न नागरिक, उपचार गर्नका लागि भाडा तिर्न नसक्ने व्यक्ति, दैवि प्रकोपमा परेका तथा विपन्न गर्भवती महिला सामुदायीक स्वास्थ्य इकाईमा सुत्केरी हुन नसकेमा बिरामीहरुलाई कोल्टी र जुड्डी सम्म लिनुपर्ने भएमा उनिहरुका लागि निःशुल्क एम्बुलेन्सको व्यवस्था मिलाइनेछ।



काली बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

५१. जुइडी आधारभुत अस्पतालमा आवश्यक उपकरण सहित बर्थिङ सेन्टर, भिडियो एक्सरे, ओटिसी स्थापना, डट्सको व्यवस्था र एम.एच. सेवा संञ्चालन गरिनेछ ।

५२. जुइडी आधारभुत अस्पतालमा फार्मेसीको स्थापना, स्वास्थ्य संस्थाहरुमा इन्टरनेट जडान, फर्निचर, खानेपानी, शौचालय र शोलारको व्यवस्था गरिनेछ ।

५३. गाउँपालिकामा बिशेषज्ञ डाक्टर सहितको स्वास्थ्य शिविर संचालन, सुरक्षित गर्भवति सेवाका लागि एस.बिए.तालिम, गर्भवति महिलाको स्वास्थ्य परिक्षण र ९० बर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुलाई घरमै निःशुल्क स्वास्थ्य परिक्षण सेवा शुरु गरिनेछ ।

५४. सुनौला हजार दिनका आमा र किशोरीहरुलाई पोषण सुधारका लागि विभिन्न खालका नीति, योजना तथा कार्यक्रमहरु संञ्चालन गरिनेछ ।

५५. गर्भवती तथा सुत्केरी महिलाहरुलाई पोषण सम्बन्धी परामर्श नियमित स्वास्थ्य परिक्षण तथा पोषणयुक्त आहारको प्रवर्द्धन गरिनेछ ।

५६. कृषि स्वास्थ्य शिक्षा खानेपानी तथा महिला तथा बालबालिका क्षेत्रबिच समन्वय गरी बहुक्षेत्रिय पोषण योजना कार्यान्वय गरिनेछ ।

५७. आयुर्वेद घुम्ति शिविर संञ्चालन र औषधी उपकरण खरिदका लागि आवश्यक रकमको व्यवस्था गरीनेछ ।

५८. आर्थिक बर्षको शुरुमा उपभोक्ता समिति, जनप्रतिनिधि र प्राविधिकहरु बिच योजना संञ्चालनका बिषयमा अन्तरक्रिया कार्यक्रम संञ्चालन गरिनेछ ।

५९. गाउँपालिकाको केन्द्र देखि वडा कार्यालय सम्म जोडने शाखा सडकलाई पहिलो प्राथमिकता दिई बाहै महिना संञ्चालनमा ल्याउने गरी स्तरोउन्नती गरिनेछ ।

६०. नागरिकहरुलाई स्वच्छ खानेपानीको सुनिश्चतताका लागि खानेपानीका पुर्वाधार निर्माण, स्रोत र मागको आधारमा **एक घर एक धाराको** अवधारणालाई निरन्तरता दिइनेछ ।

६१. खानेपानीको मुहान दर्ता, संरक्षण, मर्मत संभार कोष, मासिक शुल्क, खानेपानी सुरक्षा योजना तयार गरी सोही अनुसार कार्यक्रम संञ्चालन गरीनेछ ।



काली बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

६२. पुराना र अवस्था बिग्रिएका सिंचाइ, खानेपानी, विद्यालय भवन, स्वास्थ्य संस्था, सडक,बाटो, पुल पुलेसा र अन्य आयोजनाहरुको स्तरोन्नती गरी दिगो बनाइनेछ ।

६३. जुड्‌डी खोला, भुकाँ खोला र बड्डीगाड लघु जलविद्युत आयोजनाको स्तरोउन्नतीका लागि नियमित विद्युत सेवा संचालन गर्न विद्युत सहकारी संग समन्वय गरी साझेदारीका कार्यक्रमहरु संञ्चालन गर्नुका साथै आवश्यकताका आधारमा अनुदान दिइनेछ ।

६४. स्थानीय उत्पादनको मुल्य निर्धारण, कोष निर्धारण, ज्याला र ढुवानी भाडाको दररेट निर्धारण गरी लागु गरिनेछ ।

६५. गाउँपालिका भित्रका बेरोजगार व्यक्ति, रोजगारीको लागि विदेशमा गएका व्यक्तिको तथ्याँक संकलन र अद्यावधिक गर्नुका साथै युवाहरुलाई मागको आधारमा सिप मुलक तालिम (सिलाई कटाइ, प्लम्बिङ्ग, अटो मोवाइल, मोवाइल मर्मत, हाउस वाइरिङ्ग, ड्राइभिङ्ग, जे.सि.वि अपरेटर र कम्पुटर मर्मत) संचालन गरिनेछ ।

६६. गाउँपालिकाले वेरोजगार व्यक्तिहरुलाई रोजगारी दिने उद्धेश्यका साथ रोजगार सीप तथा उद्यमशिलता विकास केन्द्र मार्फत युवायुवतीहरुलाई मागको आधारमा सीपमुलक तालिमहरु संचालनका लागि बजेट विनियोजन गरिनेछ ।

६७. जगन्नाथ गाउँपालिकाबाट वैदेशिक रोजगारीमा गएका युवायुवतीहरुलाई सूचना, परापर्श दिन, वैदेशिक रोजगारलाई सुरक्षित र मर्यादित बनाउनका लागि सुरक्षित आप्रवासन कार्यक्रम (SaMi) संग समन्वय र साझेदारीका कार्यक्रमहरु संञ्चालन गरिनेछन् ।

६८. बैदेशिक रोजगारीमा गएका व्यक्तिका परिवारलाई परामर्श सेवा र मनोसामाजिक सहयोग सम्बन्धी अभिमुखीकरणका लागि बजेट विनियोन गर्नुका साथै उनिहरुका परिवारले प्राप्त गर्ने विभिन्न कल्याणकारी सेवाहरुमा पहुँच सुनिश्चित गर्न आवश्यक सहजीकरण गरिनेछ ।

६९. राष्ट्रिय वन, सामुदायीक वन, धार्मिक वन, कबुलियती वन, नीजि वनको संरक्षण र बृक्षारोपण कार्यक्रमलाई प्रभावकारी बनाउन सामुदायीक वन उपभोक्ता समिति र जिल्ला वन कार्यालय संग समन्वय गरि आगलागि र डडलो नियन्त्रणका कार्यक्रम संञ्चालन गरिनेछ ।

७०. **"हरियाली बढाऔ, खडेरी बाट मुक्त होऔ"** भन्ने नारालाई कार्यान्वयन गर्न खाली जगगामा बिरुवा रोप्नका प्रोत्साहन गरिनेछ ।



जगन्नाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जुम्ला, बाजुरा सुदूरपश्चिम प्रदेश, नेपाल

काली बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

७१. घरेलु, कुटिर उद्योग स्थापना गर्ने व्यक्ति र फर्मलाई प्रोत्साहन गर्नुका साथै संचालनमा रहेका कुटिर उद्योगलाई दर्ता प्रक्रियामा ल्याउनुका साथै अनुदानको व्यवस्था गरिनेछ।

७२. विपद जोखिम न्युनिकरण, खोज उद्धार तथा राहत सम्बन्धि कार्यलाई प्रभावकारी रुपमा सम्पन्न गर्न विपद व्यवस्थापन कोष स्थापना, पिडितलाई राहत उपलब्ध गराउनुका साथै खोज उद्धार तथा प्राथमिक उपचारका लागि आवश्यक सामाग्री खरिदको व्यवस्था मिलाइनेछ।

७३. गाउँपालिकाको विपद जोखिम योजना तयारी, राहत वितरण र गाउँपालिका स्तरीय विपद प्रतिकार्य योजना बनाई कार्यान्वयनमा ल्याइनेछ।

७४. विपदमा परेका लाभग्राहीहरुको घर पुर्ण रुपमा क्षति भएका घरको पुननिर्माण कार्यका लागि दश प्रतिशत रकम लागत साझेदारी गरिनेछ।

७५. बाढी पहिरो, आगलागी, सुक्खा खडेरी जस्ता प्राकृतिक बिपत्तिमा परेका व्यक्तिको उद्धार गरी तुरुन्त राहत उपलब्ध गराउन नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी र नेपाली सेना संग समन्वय गरी उद्धार, राहत र प्राथमिक उपचार गर्ने व्यवस्था मिलाईनेछ।

७६. विपद सम्बन्धी तथ्याँक तथा सूचना प्रणालीलाई व्यवस्थित गर्नुका साथै आपतकालिन कार्य संञ्चालन केन्द्र स्थापना गर्नुका साथै विद्यालय, समुदाय र कर्मचारीहरुलाई विपद सम्बन्धी तालिम संचालन गरिनेछ।

७७. जगन्नाथ गाउँपालिका वडा नं १ देखि ६ सम्म होटल, पसल र फर्म संचालन गरेर दर्ता प्रकियामा नआएका व्यवसायीहरुलाई दर्ता प्रक्रियामा ल्याउने, बजार अनुगमन कार्यलाई निरन्तरता दिने र नियमित बजार अनुगमन मार्फत उपभोग्य बस्तुहरुको चेकजाँच गरिनेछ।

७८. समाजमा परम्परा देखि मनाउदै आएका धार्मिक तथा साँस्कृतिक चाडपर्वहरु मनाउन आवश्यक बजेटको व्यवस्था गरिनेछ।

७९. स्थानीय बाजा, कला र संस्कृतिको संरक्षणका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

८०. न्यायमा पहुँच नपुगेका एकल महिला, दलित, हलिया, खलिया, अपाङ्गता भएका व्यक्ति, हिंशा पिडित महिला, बालबालिका, जेष्ठ नागरिक र असहाय व्यक्तिहरुका लागि निशुल्क कानूनी सहायता तथा परामर्श सेवा दिने व्यवस्था मिलाइनेछ।

काली बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

८१. गाउँमा रहेका युवायुवती र कक्षा ८ देखि १२ सम्मका वालवालिकाहरुलाई विद्यालय र समुदायमा कानूनी सचेतना मुलक गोष्ठीहरु संञ्चालन गरिनेछन्।

८२. वालविवाह, छाउपडी, जातिय छुवाछुत, महिला हिंसा, कुरिति र भेदभाव अन्त्य गर्न सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछन।

८३. जनप्रतिनिधि. कर्मचारी, न्यायीक समितिका सदस्यका सदस्यहरुको क्षमता विकास गरिनेछ।

८४. गाउँपालिकाले दिदै आएको **ग र घ बर्गका** अपाङ्गहरुको भत्तालाई निरन्तरता दिनुका साथै परिचय पत्र नपाएर अपाङ्ग भत्ता बाट बन्चित व्यक्तिहरुलाई परिचय पत्र वितरण गर्ने व्यवस्था मिलाइनेछ।

८५. सामाजिक सुरक्षामा आवद्ध व्यक्तिहरु गाउँपालिका सम्म आउन असमर्थ नागरिकहरुका लागि सबै वडा कार्यालयहरुमा घुम्ती शिविर संञ्चालन गरी छुटेका व्यक्तिहरुको घटना दर्ता गरिनेछ।

८६. सामाजिक सुरक्षा भत्ता **"सक्नेले छौडौ नसक्नेलाई जोडौ"** अभियान मार्फत गाउँपालिकामा नैतिकता र सुशासनको नयाँ सन्देश जाने हुनाले जगन्नाथका नागरिकलाई राष्ट्रिय अभियानको कार्यान्वयनका लागि अनुरोध गरिनेछ।

८७. शान्ति सुरक्षाको प्रत्याभुति,भष्ट्राचार नियन्त्रण,सुशासन र सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।

८८. जुड्डी प्रहरी चौकी र गाउँपालिकाका लागि अपुग जग्गा खरिदका लागि रकम विनियोजन गरिनेछ।

८९. सार्वजनिक सेवालाई सर्वसुलभ, छिटो छरितो र प्रविधिमैत्री बनाईनेछ। सेवाग्राहीबाट पृष्ठपोषण लिने र नागरिकबाट प्राप्त गुनासोहरुको तत्काल समाधान गर्ने व्यवस्था मिलाईनेछ।

९०. कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता विकासका लागि समय सापेक्ष तालिम, गोष्ठी, संञ्चालन गरिनेछ र कार्यक्षमताका आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनेछ।

९१. वडा कार्यालय स्वास्थ्य संस्था र विद्यालयहरुमा फाइबर नेटको बिस्तार गर्ने, सरकारी कार्यालय र विद्यालयमा सूचना प्रविधिको प्रयोग बढाउने, समुदायमा सूचना प्रविधिको माद्यमबाट युवायुवतीहरुलाई डिजिटल साक्षरता तथा सूचना प्रविधि र साइबर सुरक्षा सम्बन्धी तालिम संचालन गरिनेछ।

काली बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

१२. नागरिकको सूचना पाउने हक अधिकारलाई आत्मसात गरि गाउँपालिकाले आफ्ना गतिबिधिहरुलाई सूचनापाटी, स्थानिय पत्रपत्रिका, ओइभसाइट, एफ.एम.रेडियो मार्फत सूचना प्रकाशन र प्रशारण गर्ने व्यवस्था मिलाइनेछ।

१३. गाउँपालिकामा भए गरेका क्रियाकलापहरुलाई विद्युतिय र छापा माध्यम मार्फत सार्वजनिकिकरण गरि पारदर्शिता र जवाफदेहिता अभिबृद्धि गरिनेछ।

१४. जगन्नाथ गाउँपालिकामा कार्यरत कर्मचारीहरुको तह मिलान गर्नुका साथै मिति २०८३ श्रावण १ गतेबाट लागु हुने गाउँपालिकामा कार्यरत्त कार्यालय सहयोगीको मासिक रु २,०००। स्वास्थ्य संस्थामा कार्यरत अनमीको रु ४,००० अहेवको रु ३,००० विद्यालयमा कार्यरत वालविकास सहजकर्ता र विद्यालय कर्मचारीको रु २,०००। का दरले मासिक तलबमा बृद्धि गरिनेछ।

१५. जगन्नाथ गाउँपालिकाको आर्थिक, भौतिक र शैक्षिक क्षेत्रको विकासका लागि जगन्नाथ गाउँपालिकामा कार्यरत सरकारी तथा गैह्य सरकारी संघ संस्था विश्व खाद्य कार्यक्रम, स्थानीय जलवायु अनुकूलन परियोजना, लि-वर्ड, रेरास र ग्वोबल इन्भारोटिच,एसिया (WFP,LACC,LI-BIRD/RERAS & Global Envirotech Initiative, Asia) संग समन्वय गरिनेछ।

धन्यवाद

काली बहादुर शाही
गाउँसभा अध्यक्ष
मिति २०८३।०३।०९

काली बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका